# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जस्पुर,प्यूठान
## लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८१/०८२
च.नं.

**प्लाष्टिकजन्य फूल माला प्रयोग नगर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

**मिति: २०८१/०७/०२**
**ने .सं: ११४४ कौलागा १, शुक्रबार**

उपर्युक्त विषयको सम्बन्धमा नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५(१) ले दिएको अधिकार प्रयोग गरी प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, विक्री वितरण वा भण्डारण गर्न प्रतिबन्ध लगाएको व्यहोरा अवगत नै छ। यस वर्ष नजिकिदै आईरहेको नेपालीहरूको महान चाड तिहार, छठ जस्ता पर्वहरुमा प्लाष्टिकजन्य फूलमाला तथा पटाकाजन्य विष्फोटक पदार्थहरुको उत्पादन, आयात, विक्री वितरण र भण्डारण नगर्न नगराउन हुन सबैमा अनुरोध छ।

साथै प्लाष्टिकजन्य मालाले वातावरणीय प्रदुषण हुनका साथै मानव स्वास्थ्यमा समेत प्रतिकुल असर पार्ने भएकाले यस माण्डवी गाउँपालिका अर्न्तगत विभिन्न स्थानहरुमा सयपत्री र मखमली लगायतका फूलहरु उत्पादन भईरहेको परिप्रेक्ष्यमा प्राकृतिक रुपमा उत्पादन भएका उक्त फूलहरु एवं सो फूलबाट बनेका मालाहरु मात्र प्रयोग गर्नुहुन सम्बन्धित सवैमा अनुरोध गर्दै अनुगमनका क्रममा नेपाल सरकारको निर्णय विपरित निषेधित कुनै कार्य गरेको पाईएमा कानून बमोजिम कारवाही प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

२०८१/०७/०२
...........................
(भिमकान्त भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत